निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रमुख निर्वाचन आयुक्त

# निर्वाचन आयोग, नेपाल

## संवत् २०७९ साल मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सावर्जनिक गर्ने सम्बन्धी

### अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०८०।१।६

संवत् २०७९ साल मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम ७ (सात) दिनभित्र सार्वजनिक गरी त्यस्तो निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको मितिले ७ (सात) दिनभित्र सोको लिखित जानकारी सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा (प्रदेश कार्यालय रहेको जिल्लाको हकमा प्रदेश कार्यालयमा) पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने तथा निर्वाचन खर्चको विवरण सार्वजनिक गरी त्यस्तो सार्वजनिक गरेको विवरणको लिखित जानकारी प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा नदिने उम्मेदवारहरुको हकमा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरीन्छ।

साथै निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np, सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पार्टी र वेवसाईटमा हेर्न सकिने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराईन्छ।

♦♦♦